NEPAL AMERICA JOURNALISTS ASSOCIATION (NEAJA), USA

ESTD. 2007

501 (C) (3) Registered Organizations, EIN #208794669 [R.F. No. -]

Executive Committee (2025 - 2027)

Suraj Bhandari
President

Kalpana Ghimire
Vice-President

Ishwori Neupane
General Secretary

Shankar Bahadur Thapa
Secretary

Jharna Adhikari
Treasurer

Regional Coordinator:

Shantiraj Rai
(North-East)

Om Acharya
(Mid)

Deepak Dahal
(West)

Shrijana Kafle
(DC Metro)

Prakash Chhetri
(Canada)

Members:

DB Rawat
Deependra Khadka
Dr. Dolma Lama
Janaki Pangeni Sharma
Rajkumar Gole
Yashoda Timsina

मिति: अक्टोवर ३१, २०२६

प्रेस विज्ञप्ति

नेपाल प्रहरीले समाचार कक्षमै प्रवेश गरेर पत्रकारलाई धरपकड गरेको घटनाप्रति नेपाल अमेरिका पत्रकार संघ (नेजा)को ध्यानाकार्षण भएको छ ।

नेपाल प्रेसको कार्यालयबाट पत्रकार विश्वमणि सुवेदी, मोटीभेट न्यूजबाट शोभराज बराल र डिएनए खबरका प्रधानसम्पादक धिरज बस्नेतलाई पक्राउ गरिएको घटनाप्रति (नेजा) गम्भीर आपत्ति प्रकट गर्दछ । साथै नयाँ पत्रिका दैनिकका पत्रकार नवराज मैनालीलाई समेत कार्यालयबाट नियन्त्रणमा लिने प्रयास भएको घटनाप्रति पनि को नेजा निन्दा गर्दछ ।

समाचार कक्षमै प्रहरी प्रवेश गरी पत्रकारलाई पक्राउ गर्ने, धरपकड गर्ने र त्रासको वातावरण सिर्जना गर्ने कार्य प्रेस तथा अभिव्यक्ति स्वतन्त्रतामाथिको गम्भीर हस्तक्षेप हो । यस्ता गतिविधिले पत्रकारलाई निर्भिकतापूर्वक आफ्नो पेशागत जिम्मेवारी निर्वाह गर्न अवरोध पुऱ्याउनुका साथै नागरिकको सुसूचित हुन पाउने अधिकारलाई समेत कमजोर बनाउँछ ।

प्रकाशित वा प्रसारित समाचारप्रति कुनै असहमति वा उजुरी भए त्यसको निरूपण सम्बन्धित निकाय र स्थापित कानुनी प्रक्रियाबाट गरिनुपर्छ। समाचारसँग सम्बन्धित विषयमा पत्रकारलाई धरपकड गर्ने र सञ्चारगृहमा प्रहरी हस्तक्षेप गर्ने कार्य लोकतान्त्रिक मूल्य तथा स्वतन्त्र पत्रकारिताको मर्मविपरीत छ।

नेजा पक्राउ पत्रकारमाथि धरपकड र निगरानी गर्ने गतिविधि बन्द गर्न, घटनाको निष्पक्ष छानबिन गर्न र पत्रकारलाई सुरक्षित एवं स्वतन्त्र वातावरणमा काम गर्ने सुनिश्चितता प्रदान गर्न नेपाल सरकार तथा सम्बन्धित निकायसँग माग गर्दछ।

प्रेस स्वतन्त्रता र पत्रकारको सुरक्षाका पक्षमा नेपाल पत्रकार महासंघले उठाएको आवाजप्रति नेजा पूर्ण ऐक्यबद्धता व्यक्त गर्दछ । पत्रकारमाथिको धरपकड तथा राज्यका निकायबाट हुने कुनै पनि प्रकारको दमनविरुद्ध एकजुट हुन सम्पूर्ण पत्रकार, सञ्चार संस्था र लोकतन्त्रका पक्षधरहरूलाई आह्वान गर्दछ।

ईश्वरी न्यौपाने
महासचिव